१३३

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ३०३/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेत ..................................................................................२ पुनरावेदक

विरूद्ध

स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, महोत्तरी ..........................१ विपक्षी

सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, महोत्तरी ..........................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेतले जिल्ला विकास समितिको कार्यालय, महोत्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।११।१८ मा पुनरावेदन गरेको र यस आयोगबाट सो सम्बन्धमा खुलाई पठाई दिनु भनी मिति २०७१।११।१९ को पत्रद्वारा आग्रह भए बमोजिम जिल्ला विकास समितिको कार्यालय, महोत्तरीको मिति २०७१।१२।०८, च.नं.११९३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराईएको पत्रको बोधार्थ आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्ने । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल वैशाख १७ गते रोज ५ शुभम् ।